# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - २२

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल जेठ २८ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा बिहान ११:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री राजेन्द्र कुमार के.सी.लाई समय दिनुहुँदा उहाँले काठमाडौंको माइतीघरमा भएको शान्तिपूर्ण भेलामा सरकारले गरेको दमन सम्बन्धमा सत्य तथ्य जानकारी सदनलाई गराउनु पर्ने, उक्त घटनामा संलग्नलाई कारवाही गरिनुपर्ने र घटनाको जाँचबुझ गर्न छानविन समिति गठन गर्नुपर्ने भन्नुभयो ।

तदुपरान्त मा० गृह मन्त्री श्री रामबहादुर थापाले काठमाडौंको माइतीघरमा भएको घटनाका सम्बन्धमा सत्यतथ्य जानकारी सदनलाई गराउनु भयो ।

तत्पश्चात मा० गृह मन्त्रीको जानकारीका सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले प्रश्न सोध्नुभयो :-

१. मा० श्री बालकृष्ण खांण
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री पुष्पा भुसाल (गौतम)
४. मा० श्री डिला सँग्रौला (पंत)
५. मा० श्री देवेन्द्र राज कंडेल
६. मा० श्री राजेन्द्र प्रसाद श्रेष्ठ
७. मा० श्री देवप्रसाद तिमलसेना
८. मा० श्री पार्वता डि.सी. (चौधरी)

त्यसपछि मा० गृह मन्त्री श्री रामबहादुर थापाले उक्त प्रश्नहरुको सम्बन्धमा जवाफ दिनुभयो ।

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री अमृता थापा
२. मा० श्री ईन्दु कुमारी शर्मा
३. मा० श्री उमा रेग्मी
४. मा० श्री उमाशंकर अरगरिया
५. मा० श्री कलिला खातुन
६. मा० श्री कृष्ण कुमार श्रेष्ठ
७. मा० श्री कृष्णप्रसाद दाहाल
८. मा० श्री कृष्ण कुमार राई
९. मा० श्री खगराज अधिकारी
१०. मा० श्री खेमप्रसाद लोहनी
११. मा० श्री गंगा चौधरी (सत्गौवा)
१२. मा० श्री झपटबहादुर रावल

तत्पश्चात सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७६ को विभिन्न शीर्षकहरुमाथिको छलफल अन्तर्गत युवा तथा खेलकूद मन्त्रालय, शहरी विकास मन्त्रालय र अर्थ मन्त्रालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि समुहीकृत रुपमा छलफल प्रारम्भ हुने जानकारी गराउनु हुँदै उल्लिखित मन्त्रालयहरु सम्बन्धी विनियोजन शिर्षकहरुमाथि पाँच जना मा० सदस्यहरुबाट प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १४३ को उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम खर्च कटौतीको प्रस्तावहरु प्राप्त हुन आएको व्यहोरा समेत जानकारी गराउनु भयो ।

त्यसपछि खर्च कटौती प्रस्तावका निम्नलिखित प्रस्तावकहरुले आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै आजको लागि निर्धारित विनियोजन शीर्षकहरुमाथिको छलफलमा समेत भाग लिनुभयो :-

१. मा० श्री दुर्गा पौडेल
२. मा० श्री दिव्यमणि राजभण्डारी
३. मा० श्री रंगमती शाही
४. मा० श्री मिनेन्द्र प्रसाद रिजाल
५. मा० श्री प्रेम सुवाल

तदुपरान्त उल्लिखित मन्त्रालयहरु सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री खगराज अधिकारी
२. मा० श्री देवप्रसाद तिमलसेना

३. मा० श्री एकवाल मियाँ
४. मा० श्री उमाशंकर अरगरिया
५. मा० श्री हृदयेश त्रिपाठी
६. मा० श्री प्रमिला राई
७. मा० श्री प्रमोद साह
८. मा० श्री प्रदिप यादव
९. मा० श्री राजेन्द्र प्रसाद गौतम
१०. मा० श्री डिला सँग्रौला (पंत)
११. मा० श्री झपटबहादुर रावल
१२. मा० श्री पद्म नारायण चौधरी
१३. मा० श्री टेकबहादुर बस्नेत
१४. मा० श्री राजेन्द्रकुमार के.सी.
१५. मा० श्री सत्यनारायण शर्मा खनाल
१६. मा० श्री गोपाल बहादुर बम
१७. मा० श्री देवेन्द्रराज कंडेल
१८. मा० श्री महेश्वरजंग गहतराज (अथक)
१९. मा० श्री कृष्णप्रसाद दाहाल
२०. मा० श्री सरिता न्यौपाने
२१. मा० श्री कृष्णभक्त पोखेल
२२. मा० श्री यज्ञबहादुर वोगटी

तत्पश्चात सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७६ अन्तर्गत युवा तथा खेलकूद मन्त्रालय, शहरी विकास मन्त्रालय र अर्थ मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा मा० सदस्यहरुले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै विनियोजन विधेयक, २०७६ अन्तर्गत वन तथा वातावरण मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र कृषि तथा पशुपंक्षी विकास मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको समूहीकृत छलफल मिति २०७६ जेठ २९ गतेको बैठकमा हुने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर बैठक २०७६ साल जेठ २९ गते बुधबार बिहान ११:०० बजे बस्नेगरी दिनको ३:५० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव